आज मिति २०८२/०१/११ गतेका दिन रामपुर नगर कार्यपालिकाको १३ औं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाको अध्यक्षता देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमकोको निर्णय गरियो ।

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रमण बहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोबराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारू थापा | वडाध्यक्ष | |
| १३ | श्री सिमा देवि थापा | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गा देवि भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १५ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | प्रमुख प्रशासकीय अधिकृत | |
| २२ | श्री रन्जन न्यौपाने | प्राविधिक शाखा प्रमुख | |
| २३ | श्री विक्रम वलनैत | योजना शाखा प्रमुख | |
| २४ | श्री तिलकण्ठ पन्थाल | प्र.क.अ. | |

श्री शारदा आचार्य का.स.

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को तेह्रौं कार्यपालिकाको बैठकका

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. प्रदेश समपुरक आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा।

३. प्रदेश विशेष आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा।

४. विविध ।

## निर्णयहरु

. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/१२/२५ गते बसेको १२ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१ आगामी आ.व. २०८२/०८३ को लागी योजना, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा प्रदेश सरकारबाट उपलब्ध हुने बजेट सिलिङ्ग प्राप्त भएपश्चात छलफल र अन्तरक्रियाबाट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२ रामपुर नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम दर्ता भई रामपुर नगरपालिका वडा नं. ५ मा कार्यक्षेत्र बनाई सञ्चालित श्री सूर्योदय कृषि सहकारी संस्था लि, रामपुर ०५ पाल्पाबाट प्राप्त पत्र संख्या २०८१/०८२ च नं.३५ मिति २०८१/०६/०७ को पत्रानुसार साथै रामपुर नगरपालिका वडा नं.६ मा कार्यक्षेत्र बनाई सञ्चालित श्री तालपोखरा कृषि सहकारी संस्था लिमिटेड, रामपुर ०६ पाल्पाबाट प्राप्त पत्र संख्या २०८१/०८२ च नं. ०६, श्री तालपोखरा कृर्षि सहकारी संस्था लि. रामपुर न.पा.-०६,पाल्पाको मिति २०८०/१०/२१ र श्री सुर्योदय कृर्षि सहकारी संस्था लिमिटेड रामपुर न.पा-५ संस्थाको मिति २०८१।०१।२९ मा बसेको साधारण सभाको निर्णण, मिति २०८१।०९।१२ मा बसेको दुवै सहकारीको संयुक्त एकीकरण सभाको निर्णय र मिति २०८१/१०/०३ को पत्रानुसार दुवै सहकारीहरु एकीकरण हुन पाउँ भनी यस कार्यालयमा निवेदन, नगरपालिकाको सहकारी ऐन २०७५ को परिच्छेद १५ को दफा ६५ र सहकारी संघ/संस्था एकीकरण सम्बन्धी कार्यविधि २०७७ बमोजिम यस कार्यालयमा सहकारी एकीकरणका लागि पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरुपेश गरेको हुँदा उक्त सहकारीहरु नियमानुसार एकीकरण गर्न अनुमति दिने निर्णय गरिएको ।

Shagun

CamScanner

३ श्री जब्गादी महिला बचत तथा ऋण सहकारी संस्था लि. रामपुर न.पा.८-पाल्पाको चलानी नं. ३, पत्र संख्या ०८१/०८२, मिति २०८१/११/२८ गतेको पत्रानुसार उक्त संस्थाको मिति २०८१/११/१७ गतेको साधरण सभाको निर्णय अनुसार २०८१/०८२ को लेखा परीक्षण गरी संस्थाका शेयर सदस्यहरुको बचत तथा शेयर रकम फिर्ता गरी संस्था खारेजी गर्ने प्रकृया पुरा गरी संस्था खारेजी गरिदिनुहुन भनी निवेदन पेश गरेकोमा रामपुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६६ बमोजिमको प्रकृया पुरा गर्ने तथा अन्य व्यवस्था प्रचलित ऐन, कानून बमोजिम हुने गरी उक्त सहकारी संस्था लि.को विघटन र दर्ता खारेज गर्ने निर्णय गरिएको ।

४ रामपुर नगरपालिका अन्तर्गत वडा नं. १ मा गाँडाकोट स्वास्थ्य चौकी र वडा नं. १० मा गेझा स्वास्थ्य चौकीमा मार्फत एम्बुलेन्स सेवा संचालन गरिएकोमा उक्त एम्बुलेन्सहरु संचालन गर्दा हालसम्म भएको आम्दानी र खर्चको विवरण माग गर्ने भनी मिति २०८१/११/०५ गते बसेको १० औ कार्यपालिका बैठकको निर्णय भएबमोजिम उक्त संस्थाहरुबाट प्राप्त गरिएको विवरणका सम्वन्धमा छलफल गरिएको।

५ यस नगरपालिका अन्तर्गतका विभिन्न शाखा तथा वडाहरुबाट सम्पादित गरिएका कामहरुको विवरण सहितको मासिक बुलेटिनका सम्बन्धमा छलफल गरियो साथै नगर स्तरीय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनका सम्बन्धमा छलफल गरियो ।

६ निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग, तानसेन, पाल्पाबाट यस नगरपालिका अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धी कामकाजमा खटिनुभएका सर्वेक्षक कमल प्रसाद भुसाल, अमिन प्रज्वल रोकाया यस रामपुर नगरपालिका वडा नं.५ बस्ने शान्ती देवी न्यौपानेको घरमा घरभाडामा बस्ने व्यवस्था मिलाउने सो बापत मासिक रु ३,०००/- (तीन हजार) हुने गरी घरभाडा सम्झौता गर्ने निर्णय गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बमोजिम आ.व. २०८२/८३ को लागि तपसिल बमोजिमका प्रदेश समपुरक आयोजना तथा कार्यक्रम प्राथमिकिकरणका आधारमा छनोट गरी पठाउने निर्णय गरियो ।

**प्रदेश समपुरक आयोजना तथा कार्यक्रम**

१. हरित मार्ग स्तरोन्नती, रामपुर-२, पाल्पा

२. रातमाटा देखि जिरो सम्मको मोटर बाटो कालोपत्रे, रामपुर-८, पाल्पा

३. रामटार देखि कुमालगाउँ हुँदै कट्टी बगैंचा मोटर बाटो कालोपत्रे, रामपुर-१०, पाल्पा

४. किसानबारी मोहोटी गचौंदी मोटर बाटो कालोपत्रे, रामपुर-७, पाल्पा

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश विशेष अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बमोजिम आ.व. २०८२/८३ को लागि तपसिलका प्रदेश विशेष आयोजना तथा कार्यक्रम प्राथमिकिकरणका आधारमा छनौट गरी पठाउने निर्णय गरियो ।

**प्रदेश विशेष आयोजना तथा कार्यक्रम**

१. जगटे आँप शहरी स्वास्थ्य केन्द्र भवन निर्माण, रामपुर-१०, पाल्पा

२. गण्डकीढिक बोटेगाउँ खानेपानी योजना, रामपुर-३, पाल्पा

CamScanner

४ निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाबाट यस आ.व. अन्तर्गत विनियोजित योजना कवर्ड हल निर्माण रा.न.पा-७ र कुसुण्डे खा.पा. योजना रा.न.पा-७ को योजना कार्यान्वयन प्रकृया कोटेशन विधिबाट गर्ने निर्णय गरियो ।

५ निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले यस रामपुर नगर कार्यपालिकाको तेह्रौ कार्यपालिकाको बैठकमा छलफल हुँदा यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको टुटुवाघाट रा.न.पा-६ र बहखोला घाट रा.न.पा. ५ र ६ (बरुणेश्वर मन्दिर क्षेत्र सरसफाई गर्न) उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

६ निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिम्रन साहिल कन्स्ट्रक्सन प्रा.लि: मध्यपुर थिमी, भक्तपुरको च.नं. ३९, २०८१/११/२५ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ३ स्थित कृतिपुर बयेरघाट नामटाङ सीताकुण्ड मोटरबाटो स्तरोन्नती योजना उक्त प्रा.लि. र स्थानीय पूर्वधार विकास परियोजना कार्यालय बुटवल बिच सम्झौता भई काम भई रहेकोले उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक ४०० घ.मि. गिट्टी बालुवा नियम अनुसार राजश्व लिइ पायक पर्ने घाटबाट उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोमा १३ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेद्नको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी खयरबोटघाट- बाट उक्त परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका

CamScanner

प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

७ निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा Pasma construction, Chapakot-10,Syangja का प्रो. पस्म राज पंगेनीले मिति २०८२/०१/१० गते पेश गरेको निवेदन अनुसार यस रामपुर नगरपालिका र उक्त कन्स्ट्रक्सन बिच मिति २०८१/०८/०५ गते मियालपानी देखि २ नं. वडा कार्यालय कालोपत्रे निर्माण गर्न सम्झौता भएको हुदा उक्त क्षेत्र पर्ने निस्दी खोलाको खयरबोट घाट बाट Sub-Base को कार्य गर्न ४०० घ.मि. बराबरको Material आवश्यक भएको हुदा नियम अनुसार राजस्व लिई उक्त घाटबाट मेसिन प्रयोग गरेर Material निकाल्न मिल्ने गरी Material उपलब्ध गराइदिनुहुन भनी निवेदन पेश गरेकोमा १३ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी खयरबोटघाटबाट उक्त परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

८ निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा खेलाडीहरूलाई प्रशिक्षणमूलक प्रशिक्षण मार्फत स्थानीय स्तरमा खेलकुदको गुणस्तर सुधार्न सकिने र भविष्यका राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने ठोस आधार तयार हुने हुँदा यस नगरपालिका अन्तर्गत सम्पूर्ण वडाका युवाहरुमा उनिहरुको रुचीका आधारमा फुटबल, भलिबल लगायतका खेलहरूमा दक्ष प्रशिक्षकबाट प्रशिक्षण गर्ने भनी नगर खेलकुद विकास समिति रामपुर, पाल्पाले प्रस्तावना पेस गरेकोमा रु ११,००,०००/-(रु एघार लाख) नगर खेलकुद कार्यक्रम (मेयर कप् लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट निर्णय गरियो ।